वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

| भाग २, | खण्ड ३, | संख्या ८ | मिति २०७७/८/१५ |
|---|---|---|---|

## भाग–२

# टोल विकास संस्था सञ्चालन कार्यविधि-२०७७

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न नगरपालिकाका बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने र स्थानीय स्तरमा वडा समितिको मातहत रहने गरी वडा समितिलाई सहयोग पुर्‍याउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ को २ (क) को २ वमोजिम गठन गरिने टोल विकास संस्थाको गठन तथा परिचालनमा सहजता ल्याउदै नगरको समग्र विकासमा नागरिक समाजको सहभागिता गराउन ऐनको दफा ११ उपदफा (७) बमोजिम अधिकार प्रयोग गरि वीरेन्द्रनगर नगरपालिकाले मिति २०७७/८/१२ को नगरकार्यपालिका बैठकवाट स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधीको नाम टोल विकास संस्था सञ्चालन कार्यविधि २०७७ रहेको छ ।

२. यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

**२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

१ "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरकार्यपालिका सुर्खेत सम्झनुर्छ ।

२ "वडा अध्यक्ष" भन्नाल टोल संस्था रहेको वडाको अध्यक्ष लाई सम्झनु पर्छ ।

३ "वचत" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुनेगरि जम्मा गरेको रकम सम्झनु पर्छ ।

४ "विषयगत समूह" भन्नाले साधारण सभाले तोकिएको क्षेत्रगत कार्य गर्ने गरि वनाएको समूह वा कार्यदललाई सम्झनु पर्छ ।

## ३. उद्देश्य

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्:

१ टोल, बस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्न,

२ शहरी समुदाय परिचालनमा सहयोग पुरयाउने,

३ टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्न,

४ टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउन सहयोग पुर्‍याउन,

५ आर्थिक, सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्न,

६ टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिन,

७ टोल विकास संस्थालाई वडाको तल्लो एकाइको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउन,

८ टोल क्षेत्रमा हुने विकास निर्माणमा स्थायी उपभोक्ता संस्थाको रुपमा रहंदै टोल वस्तीको समग्र विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सहयोग पुर्‍याउन,

९ जनसहभागिता एवं लागत सहभागितामा वृद्धि गर्न र विकासलाई दिगोरुप दिने,

१० राष्ट्रिय, प्रदेश, जिल्ला तथा नगरपालिका बाट सञ्चालन गरिने विकासात्मक, अभियानात्मक, प्रचारात्मक कार्यक्रमहरुमा स्थानीय लाई सहभागी हुन सहयोग पुर्‍याउने ।

## परिच्छेद २

# टोल विकास संस्था गठन सम्वन्धी व्यवस्था

**४. गठन टोल विकास संस्थाको गठन :** नगर पालिका भित्र गठन हुने टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ:

१ नगरपालिका क्षेत्र भित्रका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२ निश्चित भौगोलिक क्षेत्र भित्र देहाय वमोजिमको घर धुरी रहेको तपशिलको वडाहरुका टोल वस्तीमा टोल विकास संस्था गठन गरिनेछ ।

क. वडान नं १ देखी १२ सम्म कम्तीमा १०० घरधुरी,

ख वडा नं १३ देखि १६ सम्म कम्तीमा ५० घरधुरी,

तर पहाडी क्षेत्रमा पैदल दुरी १ घण्टा भन्दा बढि भएमा ५० भन्दा कम । विशेष क्षेत्रमा पूर्व गठित टोल विकास संस्थामा सो संख्या नपुग्ने भएमा वडाको सिफारिसमा नविकरण गर्न बाधापुग्ने पर्नेछैन ।

३ टोल विकास संस्था गठन गर्न इच्छुक कम्तीमा दश घरधुरीका प्रतिनिधी टोल वासिले वडा कार्यालयमा प्रस्तावित टोल संस्थाको चारकिल्ला तोकि लिखित संयूक्त निवेदन दिएमा टोल विकास संस्थाको गठन प्रकृयाको थालनी हुनेछ । यसरी टोल सस्था गठन गर्न निवदेन दिने व्यक्ति सम्वन्धित वडाको स्थायीवासी हुनु पर्नेछ ।

४ नयां टोल संस्था गठन गर्न पर्ने नपर्ने र प्रस्तावित टोलको चार किल्लाका सम्वन्धमा वडा अध्यक्षले स्वयं वा कुनै वडा सदस्य मार्फत वुझि आवश्यक ठानेमा उल्लेखित क्षेत्रमा टोल सस्था गठनको प्रस्ताव वडा समितिमा लगिने छ, वडा समितिको वैठकवाट स्वीकृति प्राप्त भएमा उल्लेखित क्षेत्रमा टोल विकास संस्था गठनका लागि सार्वजनिक सूचना जारि गरि तोकिएको मितिमा टोल संस्था गठनका लागि वडा अध्यक्षवाट पदाधिकारी वा कर्मचारी लाई खटाउने छ ।

५ वडा समितिवाट खटाइएका पदाधिकारी वा कर्मचारीको अध्यक्षतामा टोल भेला गरि सो टोल भेलावाट देहायका विषयमा निर्णय गरि अनुसूचि १ वमोजिमको टोल सूचना प्रतिवेदन वडा अध्यक्ष समक्ष खटाइएका पदाधिकारीले पेश गर्नु पर्नेछ । यसरी टोल भेला गर्दा प्रस्तावित क्षेत्रका कम्तीमा ८० प्रतिशत घर धुरी सदस्यको प्रतिनिधित्व अनिवार्य हुनु पर्नेछ ।

**तपशिल**

क) टोल संस्थाको क्षेत्राधिकार रहेको चार किल्ला
ख) टोल संस्थाको नाम
ग) मासिक वचत दर
घ) तर्दथ कार्य समिति गठन

६ टोल विकास सस्थाको नामांकन गर्दा कुनै जाती, धर्म वा स्थानिय व्यक्तीको पहिचहान हुने गरि नराखी स्थानियताको विशेष पहिचहान हुनेलाई उच्च प्रथामिकतामा राखि नगर भित्रका अन्य टोल संस्था संग नाम नजुध्ने गरि सर्व सम्मत ढंगवाट नामांकन गर्नु पर्नेछ सर्वसहमत हुन नसकेमा चुनावी प्रक्रियामा गठन गर्न सकिनेछ। चुनावी प्रक्रिया सम्वन्धि कार्यविधि संस्थाको साधारणसभाले तोक्नेछ । उक्त टोल विकास संस्थामा रहने सदस्यहरुको नामावली वडा समितिमा पेश गर्नुपर्नेछ ।

७ टोलको क्षेत्राधिकार रहेको चार किल्ला तोक्दा निश्चित भौगोलिक सिमाना तोक्नु पर्नेछ यसरी भौगोलिक सिमाना तोक्दा सके सम्म खोला, कुलो, वाटो, पानी ढल जस्ता स्थायी प्रकृतिका सिमाहरु तोक्नु पर्नेछ। तर शहरी क्षेत्रको हकमा वाटो तर्फ फर्किएका सवै घर धुरीलाई सम्भव भए सम्म एउटै टोलमा समावेश गर्न सकिनेछ ।

८ टोल विकास संस्था गठन, सञ्चालन र व्यवस्थापन सम्वन्धमा आवश्यक परेको खण्डमा नगरपालिकाबाट सहजीकरण गर्न सकिनेछ ।

## **५. टोल विकास संस्था दर्ता एवं सूचिकृत**

टोल विकास संस्थाको दर्ता एवं सूचिकृत देहाय बमोजिम हुनेछः

१ यस कार्य विधिको दफा (४) उप दफा (५) वमोजिम टोल भेला सम्पन्न गरि आएको प्रतिवेदनका आधारमा सम्वन्धित वडाको वडा अध्यक्षले टोल विकास संस्था दर्ता एवं सूचिकृतका लागि नगर कार्यपालिकाको कार्यालयमा मा अनुसूचि १ वमोजिमको प्रतिवेदन समेत संलग्न राखि वडा अध्यक्षको सिफारिश सहित पठाए पश्चात नगर कार्यपालिकाको कार्यालयले टोल विकास संस्थालाई नगरको टोल विकास संस्थाको रुपमा दर्ता एवं सचिकृत गरी अनुसूचि २ वमोजिमको दर्ताको प्रमाण पत्र प्रदान गर्ने छ ।

२ नगरकार्यपालिका कार्यालयमा पूर्व सूचिकृत भै सकेका टोल विकास संस्थाहरुले समेत यो कार्यविधि जारी भएको ६ महिना भित्र अनुसूची

(१) वमोजिमको टोल संस्थाको सूचना फाराम, वार्षिक साधारण सभा सम्पन्न गरेको प्रमाण र सम्वन्धित वडाको सिफारिश सहित दर्ता एवं सूचिकृत नविकरणका लागि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ,

३ प्रत्येक २ वर्षमा टोल विकास संस्थाहरुले दफा (५) उपदफा (२) मा उल्लेख भए वमोजिमका कागजात एवं वडा समितिको सिफरिश सहित टोल विकास संस्थाको दर्ता एवं सूचिकृत नविकरण गर्नु पर्ने छ ।

## ६.टोल विकास संस्थाको सदस्यताः

देहायका व्यक्तिहरुले टोल विकास संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१ टोल विकास संस्थाको क्षेत्राधिकार भित्र वसोवास गर्ने व्यक्तिहरु मध्येवाट एक घर एक सदस्य हुने गरि टोल विकास संस्थाले सदस्यता वितरण गर्छ सदस्य हुन घर मुली नै अनिवार्य नभै नेपाली नागरिकता प्राप्त जो कोही व्यक्तिले टोल विकास संस्थाको सदस्यता लिन सक्ने छ ।

२ टोल विकास संस्था गठन पश्चात नयां सदस्य वन्न आउने सदस्यले समेत टोल संस्थामा आफु सदस्य वन्न इच्छुक रहेको निवेदन पेश गरेपछि सदस्यता प्राप्त गर्न सक्नेछ ।

३ टोलमा नयां वसोवास गर्न आएका टोल वासी वा छुटेका टोलवासीलाई समेटन टोल विकास संस्थाले साधारण सभामा आमन्त्रण गरी टोल संस्थाको सदस्यता लिन प्रेरित गर्नु पर्नेछ। कुनै एक व्यक्ति एक भन्दा वढि टोलमा घर भइ वसोवास भएमा कुनै एक टोल मात्र रोज्नुपर्ने र अक्सर वसोवास वस्ने टोलमा मात्र सदस्य हुन पाउने तर पदाधिकारी हुन पाइने छैन ।

## ७. टोल विकास संस्थाको कार्य समिति

१ टोल विकास संस्था तत्काल निर्णय गर्न सहजता एवं टोल विकास संस्थाका समग्र गतिविधिलाई अगाडी वढाउन प्रत्येक टोल विकास संस्थामा निम्नानुसारको कार्य समिति साधारण सभावाट गठन गर्नु पर्नेछ ।

| | |
|---|---|
| अध्यक्ष | -१ जना |
| उपाध्यक्ष | -१ जना |
| सचिव | -१ जना |
| कोषाध्यक्ष | -१ जना |

सह सचिव -१ जना

सदस्य (टोल भित्र वसोवास गर्ने विपन्न वर्गको प्रतिनिधि) -१ जना

सदस्य (विषयगत संयोजकहरु मध्येवाट) -कम्तीमा ३ जना

क. अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्येमा कम्तीमा १ जना महिला अनिवार्य हुनु पर्ने ।

ख. समग्र कार्यसमिति को कम्तीमा ४५ प्रतिशत महिला अनिवार्य हुनु पर्ने।

ग. अध्यक्षको कार्यकाल वढीमा २ कार्यकाल अर्थात ४ वर्ष मात्र हुने । हाल वहाल रहेका अध्यक्षको हकमा अर्को एक कार्यकाल मात्र वहाल रहन पाउनेछन् ।

घ. संस्थाका पूर्व अध्यक्षहरु टोल संस्थाको सल्लाहकारका रुपमा रहने छन् । संस्थाको मासिक वैठकमा सल्लाहकारहरुलाई आमन्त्रण गर्न सकिने छ ।

## (२) पदाधिकारी हुन योग्यताः

क. नेपाली नागरिक भएको,

ख. राजनीतिक दलको कुनै समितिमा बहाल नरहेको व्यक्ति,

ग. सम्वन्धित टोलको अक्सर बासिन्दा,

घ. फौजदारी अभियोग प्रमाणित नभएको व्यक्ति,

ङ. बहालवाला सरकारी/गैरसरकारी लाभको पदमा नरहेको व्यक्ति ।

## (३) विषयगत समिति गठनः

क. संस्थाद्धारा गरिने विभिन्न कार्यमा सामुहिक नेतृत्व विकास गर्न देहाय वमोजिमका विषयगत उप समिति गठन गर्नु पर्ने ।

- पूर्वाधार निर्माण उपसमिति
- कोष परिचालन उपसमिति
- महिला कार्यक्रम उपसमिति
- बाल बालिकाका विशेष उपसमिति
- कृषि तथा पशु विकास उप समिति
- वातावरण तथा सरसफाई उप समिति
- यूवा तथा खेलकूद उपसमिति ।

ख. विषयगत समितिमा संयोजक १ जना साधारण सभावाट चयन हुनेछ भने महिलाको प्रतिनिधित्व अनिवार्य हुने गरि आवश्यकता अनुसारको संख्यामा विषयगत समितिका अन्य सदस्यहरु चयन कार्य समितिले गर्नेछ ।

## परिच्छेद ३

# काम, कर्तव्य र अधिकार

### ८. टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार

टालविकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :

१. वडा समिति प्रति उत्तरदायी हुनु पर्ने र टोल संस्थावाट भए गरेका गतिविधिको अर्धवार्षिक रुपमा वडा समितिमा प्रदेवेदन पेश गर्नु पर्ने,
२. नगरपालिकामा अनिवार्य दर्ता एवं सूचिकृत हुनु पर्ने र प्रत्येक २।२ वर्षमा नविकरण समेत गर्नु पर्ने,
३. टोल विकास संस्थाको नियमित वैठक कम्तीमा महिनाको १ पटक वस्नुपर्नेछ,
४. एक घर एक सदस्यले टोल संस्थामा अनिवार्य वचत राउनु पर्ने,
५. टोल क्षेत्रको सामाजिक, आर्थिक, पूर्वाधार, बातावरण संरक्षण, सडक वत्ति व्यवस्थापन र सरसफाई जस्ता कार्यको नेतृत्व गर्ने,
६. वडाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यमा वडा समितिलाई सहयोग गर्ने,
७. वडा समितिवाट तोकिएका वा सहयोग माग भएका विषयमा सहयोग गर्न,
८. टोलवासीहरु मध्येवाट उद्यमी समूह निर्माण गरि ऋण सहयोगका लागि सिफरिश गर्ने,
९. नगरपालिकाको सवै भन्दा तल्लो निकायको रुपमा गैर राजनैतिक नागरिक समाज संस्थाको रुपमा काम गर्ने,
१०. टोल क्षेत्र भित्रका सरकारी एवं ऐलानी पर्ति जग्गा, प्राकृतिक सम्पदा, सार्वजनिक स्थलको संरक्षण एवं संर्वद्धन गर्न वडा समितिलाई सहयोग गर्ने,
११. टोल विकास समितिले सिफारिश गर्न भनि नगरपालिका/वडा समितिवाट तोकेका कामहरुमा सिफरिश गरि नगरपालिका/वडा समितिमा पठाउने,
१२. नेपाल सरकार/प्रदेश सरकार/स्थानिय सरकारका राष्ट्रिय एवं स्थानिय कार्यक्रममा आवस्यक सहयोग गर्ने,
१३. नगरपालिका/वडा समितिवाट टोल विकास संस्थाले संचालन, संरक्षण एवं कार्य गर्न अधिकार प्रत्योजन भएका कार्य गर्ने तथा नगरपालिकावाट तोकिए वमोजिको सेवा शुल्क लिन पाउने,

१४. वातावरणमैत्री तथा बालमैत्री नगर/वडा घोषणा गर्न आवश्यक सहयोग गर्ने,

१५ टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने, टोलका सदस्यहरुमा गरिबलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,

१६. बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

१७. अन्धविश्वास, प्रथा, बाल विवाह, बहु विवाह, जातिय विभेद, लागु पदार्थको दुव्यसन जस्ता सामाजिक समस्याको पहिचान गरि सुधारका कार्यक्रमहरु संचालन गर्ने,

१८. टोलमा भवन निमार्ण मापदण्ड, सामाजिक सुरक्षा भत्ता, हरियाली प्रर्वद्धन आदि नगरपालिकाका विशेष अभियान एवं सामाजिक सरोकारका विषयमा विकासात्मक अभियानात्मक, प्रचारात्मक तथा चेतनामूलक कार्यक्रहरु सञ्चालन गर्ने,

१९ नगरपालिकाको राजस्व संकलन एवं परिचालनका लागि सहयोग प्रदान गर्ने,

२०. नगरपालिकाद्धारा गरिवि निवारण तथा आय आर्जनका लागि लगानी भएका ऋृण, अनुदानको सहि सदुपयोग गराउन आवश्यक सहयोग गर्नुका साथै ण असूलीमा नगरपालिकालाई सहयोग गर्ने,

२१. संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

## ९. टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

### (क) अध्यक्षको काम, कर्तव्य र अधिकार

१ संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने,

२ बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने,

३ बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४ छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५ निर्णयहरु लागू गर्ने र गर्न लगाउने,
६ विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने,
७ संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने,
८ विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने,
९ नगरपालिका, वडा समिति तथा अन्य संघ संस्थाहरु संग हुने विशेष बैठकहरुमा माग लिने वा प्रतिनिधि तोक्ने ।

## ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

१ अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने साथै अध्यक्षलाई तोकिएका कार्य समेत गर्ने,
२ अध्यक्ष द्धारा तोकिएका विषयमा नेतृत्व गर्ने ।

## (ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :

१ अध्यक्षको आदेशअनुसार बैठक बोलाउने,
२ एकतिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमामेजिम बैठक बोलाउने,
३ छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने,
४ संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने,
५ कार्य समितिवाट भए गरेका निर्णयको कार्यान्वयन अवस्था विश्लेषण गर्दै सो को प्रभावकारी कार्यान्वयन गर्ने गराउने,
६ अध्यक्षद्धारा तोकिएका अन्य कार्य गर्ने,

## (घ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

१ संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने,
२ आम्दानी खर्चको लेखापरीक्षण गराउने,
३ बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने,
४ संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने,
५ वैठकको निर्णयानुसार वचत परिचालन गर्ने, ऋण लगानी, असूलीको अभिलेख राख्ने,
६ सदस्यहरुको वचत असूली तथा श्रेस्ता व्यवस्थापन सम्वन्धिका कार्य गर्ने ।

## ङ.) सह सचिवको काम, कर्तव्य र अधिकार :

१. सचिवको अनुपस्थितिमा सचिवलाई तोकिएका कार्य गर्ने ।

## च) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार :

१ वैठकमा उपस्थीत भै प्रत्येक छलफलमा सहभागि हुने ।

२ संस्थाको नियमानुसार मासिक वचत समयमै जम्मा गर्ने र अन्य टोल सदस्यहरुलाई समेत समयमै वचत गर्न प्रेरित गर्ने ।

३ टोल विकास संस्थाद्धारा संचालित योजना तथा कार्यक्रममा आवश्यकता अनुसार लागत सहभागिता तथा श्रम दान गर्नुका साथै आयोजना तथा कार्यक्रमलाई दिगोपना दिन समुदाय परिचालन गर्ने ।

४ संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।

५ आवश्यकता अनुसार संस्था संचालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने पालना नभएको भएमा पालन गराउन खवरदारी गर्ने ।

६ नगरपालिका, वडा समिति द्धारा संचालित विशेष अभियानमा सहभागि हुने तथा अन्य सदस्यहरुलाई समेत सहभागि गराउन पहल गर्ने ।

७ आवश्यकताअनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

८ विषयगत समितिका संयोजक सदस्यहरुले आ आफ्नो विषयगत क्षेत्रको प्रवृद्धनका लागि नगरपालिका, वडा कार्यालय, विषयगत शाखाहरुमा सम्पर्क समन्वय गर्ने र विषयगत क्षेत्रको गतिविधि संचालनमा नेतृत्वदायि भूमिका निर्वाह गर्ने ।

९ विषयगत संयोजकहरुले क्षेत्रगतरुप आ आफ्नो समितिवाट भएका गतिविधिहरुको विवरण २/२ महिनामा कार्य समितिको वैठक समक्ष पेश गर्नु पर्नेछ ।

१० तोकिएको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ४

## संस्थाको वैठक र साधारण सभा सम्वन्धि व्यवस्थाः

### १०. टोल संस्थाको कार्य समिति वैठकः

१ टोल संस्थाको वैठक सामान्यतया महिनाको १ पटक अनिवार्य वस्नेछ ।

२ सामान्यतया अध्यक्षको निर्देशनमा सचिवले वैठक वोलाउने छ तर २ महिना भन्दा वढी समय सम्म वैठक नवसेमा एक तिहाई सदस्यहरुले वैठक वसाई दिन अनुरोध गरेमा सचिवले सिंधै वोलाउन सक्नेछ ।

३ संस्थाको अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ, निजको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । निज पनि अनुपस्थित भएमा जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

४ मासिक वैठकमा कार्यसमितिका दुइ तिहाइ उपस्थिति अनिवार्य मानिने छ ।

### ११. साधारण सभा :

संस्थाको सम्पूर्ण सदस्यहरुको उपस्थितिमा कम्तीमा वर्षको एक पटक साधारण सभा वस्नु पर्नेछ । साधारण सभा संस्थाको सर्वोच्च निकायको रुपमा हुनेछ । साधारण सभाका काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

१ कम्तीमा ८० प्रतिशत टोल वासिको प्रतिनिधित्व हुने गरि बार्षिक रुपमा कम्तीमा १ पटक साधारण वस्नेछ ।

२ प्रत्येक टोल विकास संस्थाले वार्षिक रुपमा चैत्र मसान्त भित्र वार्षिक साधारण सभा सम्पन्न गरि सक्नु पर्नेछ ।

३ टोल क्षेत्रमा गर्नु पर्ने समग्र विकासका योजना तथा कार्यक्रम साधारण सभावाट पारित गरि वडा समितिमा पेश गर्नु पर्ने ।

४ कार्य समितिवाट भए गरेका विभिन्न गतिविधिको अनुमोदन गर्ने र कार्य समितिवाट साधारण सभामा पेश भएका विषयमा यथोचित सल्लाह सुझाव दिने ।

५ लेखापरिक्षक छनौट तथा लेखापरिक्षकको पारिश्रमिक तोक्ने ।

६ लेखा समिति चयन तथा लेखा समितिको प्रतिवेदन माथि छलफल,

७ टोल विकास संस्थाले लिनु पर्ने नीति, निर्णय, वजेट योजना तथा कार्यक्रम सभा वाट पारित गर्ने,

८ विषयगत उप समितिहरुको गठन एवं संयोजक चयन गर्ने,

९ टोल सदस्यहरुको उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिन,

१० टोल विकासको विधान पारित एवं संशोधन गरी नगरपालिकामा स्वकृतिकालागि पेश गर्ने,

११ आवश्यकता अनुसार सल्लाहकारहरुको मनोनयन गर्ने,

१२ आवश्यकता अनुसार टोल विकास योजना र उद्यम विकास योजना वनाउने,

१३ वार्षिक साधारण सभामा टोलका सदस्यहरु मध्ये ८० प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ । उपस्थिति प्रयाप्त नभएमा पुनः साधारण सभा गर्नु पर्नेछ तर दोश्रो पटकमा ६० प्रतिशतलाई गणपूरक संख्या मानिनेछ,

१४ वार्षिक साधारण सभाका अवसरमा आगामी आ.व.का लागि टोल स्तरको योजना तर्जुमा समेत गरि वैशाख पहिलो हप्ता भित्र नगरपालिकाद्धारा निर्धारित ढांचामा योजना माग फाराम भरी वडा अध्यक्ष वा क्षेत्र तोकिएका वडा सदस्य वा वडा सचिवलाई वुझाउनु पर्ने छ ।

## १२. विशेष साधारण सभा

१ संस्थाको हितलाई ध्यानमा राखि कूल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले विशेष साधारण सभा वोलाउनु पर्नेछ ।

२ दफा १० उपदफा १ वमोजिम सदस्यहरुको माग वमोजिम पदाधिकारीहरुले साधारण सभा वोलाउन आलटाल गरेमा वा ३० दिनसम्म नवोलाएमा वडा अध्यक्षले कुनै वडा सदस्यको अध्यक्षतामा विशेष साधरण सभा वोलाई टोल विकास संस्थाको गतिविधि वुझ्न, टोलवासीको माग संकलन गर्न तथा टोल संस्थाको पुर्नगठन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ५

# कोष संचालन सम्वन्धि व्यवस्था

### १३. कोष सम्वन्धि व्यवस्था:

टोल विकास संस्थाको कोषमा देहायका श्रोतवाट प्राप्त रकम जम्मा गरिनेछ ।

क. नगरपालिका/वडा समितिवाट निश्चित कार्य गर्न प्रदान भएको शर्शत अनुदान,

ख. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामाजिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान,

ग. टोल विकास संस्थाले वचत लगाएत आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी,

घ. संस्थाले टोलको श्रृजनशिल कार्य वा अन्य स्रोतबाट जम्मा गरेको रकम,

ङ. सदस्यता र सिफारिस शुल्क बाट उठेको रकम ।

### १४. खाता सञ्चालन र व्यवस्थापन:

१ टोल विकास संस्थाको आर्थिक कारोवार दोहोरो लेखा प्रणाली सिद्धान्त अनुरुप राख्नु पर्नेछ । सो का लागि नगरकार्यपालिका कार्यालयले तोके वमोजिमका वहि खाताहरु टोल विकास संस्थाले प्रयोगमा ल्याउनु पर्नेछ ।

२ टोल संस्थाको वैक खाता संचालन अध्यक्ष, सचिव र कोषाध्यक्ष को संयूक्त हस्ताक्षरवाट खाता संचालन गर्नु पर्नेछ तर कोषको काम गर्ने छुट्टै कर्मचारीको व्यवस्था भएमा तोकेको पदाधिकारी र कर्मचारीको संयूक्त दस्तखतमा वैक खाता संचालन गर्न सकिनेछ ।

३ टोल विकास संस्थाले अनिवार्य वैक खाता खोली वैक खातावाट कारोवारो गर्नु पर्नेछ । वैक खाता खोल्न कठिन भएका स्थानमा सहकारीमा समेत खाता खोल्न सकिनेछ ।

४ टोल विकास संस्थाको वार्षिक कारोवार ७ लाखभन्दा बढी भएमा रजिष्टर्ड लेखा परिक्षकवाट वार्षिक लेखा परिक्षण गराउनु पर्ने सो भन्दा कम कारोवार भएमा साधारण सभावाट गठित लेखा समितिले गर्न सकिनेछ ।

५ संस्थाको कारोवारो बढी भै हिसाव राख्न समूदायले कठिन मानेमा यस्तो टोलले एक्लै वा अन्य टोल संस्थाहरु संग मिलि सहकारी स्थापाना गर्न सक्नेछ, सहकारी स्थापना गरि सहकारीमै नियमित वचत गरेमा छुट्टै वचत कार्यक्रम संचालन गर्न अनिवार्य हुने छैन ।

## परिच्छेद ५

## विविध

### १५. टोल विकास संस्थाको सिमांकन हेरफेर र एकिकरण

टोल विकास संस्थाको सिमांकन थपघट गर्नु पर्ने भएमा, ठूलो भै टुक्रउनु परेमा वा एकिकरण गर्न परेमा कुनै एक टोल विकास संस्थाको साधारण सभाले वडा समितिमा प्रस्ताव गर्न सक्ने छ । वडा समितिले सिमांकन हेर फेर गर्न वा एकिकरण गर्न उपयूक्त ठानेमा वडा समितिको सिफरिशका आधारमा नगर कार्यपालिका कार्यालयले टोल संस्थाको सिंमाकन हेरफेर तथा संशोधन गरिदिन सक्नेछ ।

### १६. निर्वाचन सम्वन्धि व्यवस्थाः

टोल विकास संस्थाको कार्य समितिको चयन गर्न साधारण सभावाट कार्य समितिमा नवस्ने ३ जना सदस्यहरु मध्यवाट एकजना महिला सहित निर्वाचन मण्डल वनाई टोल विकास संस्थाको कार्य समिति चयन गरिनेछ ।

### १७. टोल विकास संस्थाको सम्पत्ती र दायित्वः

१ टोल विकास संस्थाले आफ्नो सम्पत्ती साधारण सभाको निर्णयका आधारमा वडा समितिको सहमतिमा व्यक्ति सरह भोग चलन गर्न पाउने छ ।

२ टोल विकास संस्था कुनै कारणवस विगठन भएमा व्यक्तीगत वचत वाहेकका अन्य चल अचल सम्पत्ती स्वतहः वडा समितिको स्वामित्वमा आउने छ ।

### १८. टोल विकास संस्थाहरुको क्षमता विकासः

टोल विकास संस्थाहरुका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम वडा समितिको वार्षिक कार्यक्रम वमोजिम संचालन हुनेछ । वडा समिति द्धारा आयोजित क्षमता विकासका कार्यक्रममा तोकिएका पदाधारीको सहभागिता अनिवार्य हुनेछ ।

### १९. स्वीकृति लिनु पर्ने :

यो कार्य विधिमा उल्लेख नभएको विषयमा कुनै कार्य गर्नु परेमा सम्वन्धित टोल विकास संस्थाले नगरपालिको पूर्व स्वीकृति लिनु पर्नेछ ।

### २०. प्रचलित कानून वमोजिम हुने :

यस कार्यविधिमा उल्लेख भएका प्राव्धानहरु यसै कार्यविधि वमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

## २१. वाधा अड्काउ फुकाउः

यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा नगर कार्यपालिकाको वैठकको निर्णय वमोजिम हुनेछ ।

## २२. शंसोधन तथा खारेजी :

१. यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

२. यो कार्यविधि लागु हुन पूर्व नगरपालिकावाट गठित टोल विकास संस्थाहरु समेत यसै कार्यविधि वमोजिम गठन तथा परिचालन भएको मानिनेछन् ।

३. नगरपालिकाको कार्यालयले टोल विकास संस्था गठन तथा परिचालनका क्रममा प्रयोग गर्दे आएको टोल विकास संस्था संचालन सम्वन्धि निर्देशिका २०६९ लाई खारेज गरि यो कार्य विधि लागु गरिएको छ ।

४. यो कार्यविधि टोल विकास संस्थाको साधारणसभाबाट स्वीकृत भएपश्चात लागु हुनेछ ।

## अनुसूची १

## दफा ४ उपदफा ५ सँग सम्वन्धित

# टोल सूचना प्रतिवेदन

१. टोल विकास संस्थाको नाम :............................ वडा नं...........

२. टोल संस्थाको क्षेत्राधिकारको ४ किल्ला

उत्तर ............................ दक्षिणः.................................

पूर्व ............................... पश्चिम :................................

३. टोल विकास संस्थाको कार्य समितिको नाम

निर्वाचित मिति :

अध्यक्षको नाम : सम्पर्क नं.

सचिवको नाम सम्पर्क नं.

कोषाध्यक्षको नाम

सदस्यहरु

१. २.

३. ४.

५. ६.

७.

४. मासिक वचत दर : हाल सम्मको वचत :

वचत सदस्य संख्या :

५. टोलविकास संस्थाका घर धुरी सदस्यको विवरण

| क्र.सं | घर धुरी प्रतिनिधिको नाम | परिवार संख्या | कै. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रतिवेदन तयारीमा सहयोग गर्ने प्रतिवेदन पेश गर्ने

नाम : नाम :

पद : पद :

टोल संस्थाको नाम : ... नं. वडा कार्यालय, वीनपा, सुर्खेत

मिति.................................................

**अनुसूचि २**

**दफा ५ उपदफा १ सँग सम्वन्धित**

## वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालय

**वीरेन्द्रनगर सुर्खेत**

श्री................................................ टोल विकास संस्था

वडा नं.........,वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

**टोल संस्था दर्ता एवं सूचिकृत प्रमाण पत्र ।**

यस टोल विकास संस्थालाई वीरेन्द्रनगर नगरपालिका वडा नं..... .. को सिफारिश वमोजिम स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १२ उपदफा २ (क) २ को अधिनमा रहि यस नगरपालिकावाट स्वीकृत टोल विकास संस्था संचालन कार्यविधि २०७५ वमोजिम प्रत्येक २।२ वर्षमा नविकरण गर्ने गरि यस नगरपालिकाको कार्यालयमा दर्ता एवं सूचिकृत गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

**प्रमाण पत्र जारी गर्ने**
नाम :
पद :
हस्ताक्षर :
मिति :

**नविकरण**

| नविकरण मिति | अवधि | नविकरण गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

आज्ञाले,
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत